# [महत्त्वपूर्ण] परीक्षाको दिनमा ध्यान दिनुपर्ने कुराहरू

विशेषज्ञ स्तर

## १. लुगा फेर्ने बारेमा

परीक्षा सुपरिवेक्षकले जानकारी नदिएसम्म कृपया लुगा नफेर्नुहोस्।
कृपया OTAFF ले तोकिएको स्थानमा आफ्नो काम गर्दा लगाउने लुगाको ज्याकेट र पाइन्ट लगाउनुहोस्,
अनि त्यो ज्याकेट भित्र टी-शर्ट लगाउनुहोस्। (टोपी भने परीक्षामा आउने कुरासित सम्बन्धित भएकोले पछि लगाउनुपर्ने हुन्छ।)

## २. बहुमूल्य सामानहरूको व्यवस्थापनको बारेमा

**गरगहनाहरू निकाल्ने**

सबै प्रकारका गरगहनाहरू निकालि
झोलामा राख्नुहोस्।



**बहुमूल्य सामानहरूको व्यवस्थापन**

बहुमूल्य सामानहरूको लागि आफैले व्यवस्थापन गर्नुहोस्।
सामानहरू छुटिन र हराउन नदिनुहोस्।



**गोजीहरू खाली बनाउने**

गोजीहरूमा केही पनि नराख्नुहोस्।



## ३. परीक्षा स्थल भित्र पालना गर्नुपर्ने कुराहरूको बारेमा

**शिष्ट व्यवहार**

परीक्षा स्थल वा परीक्षा हलमा गफ गर्नु हुँदैन।
अरूलाई गाह्रो लाग्ने व्यवहार गर्नु हुँदैन।

**इलेक्ट्रोनिक उपकरणहरू बन्द गर्ने**

स्मार्टफोन जस्ता इलेक्ट्रोनिक उपकरणहरू बन्द गरेर
झोलामा राख्नुहोस्।




**फोटो खिच्न निषेध**

परीक्षा स्थल वा परीक्षा हलको फोटो खिच्न र त्यसमा रेकर्डिङ गर्न निषेध
गरिएको छ।
*परीक्षार्थीलाई साथ दिन आउनेहरूलाई पनि यो कुरा लागू हुन्छ।



**शौचालयको प्रयोग**

शौचालयमा लुगा फेर्न र खानपिन गर्न निषेध गरिएको
छ।



# [महत्त्वपूर्ण] परीक्षाको दिनमा ध्यान दिनुपर्ने कुराहरू

## ४. रिसेप्शनको बारेमा

**परिचय पक्का गर्ने**

तपाईंको अनुहार हेरेर पक्का गरिने हुनाले आफ्नो मास्क र चस्मा निकाल्नुहोस्।



**हात चेक गर्ने**

हातमा केही लेखिएको छ कि छैन भनेर हत्केला र हातको पछिल्तिरको भाग चेक गरिनेछ।



## ५. प्रश्नपत्रमा नाम र अन्य जानकारी लेख्ने तरिकाको बारेमा

*त्यो दिन वितरण गरिने प्रश्नपत्र सबै जापानी भाषामा लेखिएको हुनेछ।




परीक्षा हलको ह्वाइटबोर्ड हेरेर परीक्षाको मिति लेख्नुहोस्। परीक्षार्थी नम्बर र नाम भने परीक्षा प्रवेशपत्र हेरेर लेख्नुहोस्।



## ६. उत्तर लेख्ने तरिकाको बारेमा

(१) प्रश्नपत्र वितरण भएपछि निर्देशन नआएसम्म नखोल्नुहोस्।

(२) निर्देशन आएपछि प्रश्नपत्र खोलेर त्यसलाई आधा हुनेगरि पट्याउनुहोस्।

(३) पछाडि पट्टिका प्रश्नहरूको उत्तर लेख्दा पनि प्रश्नपत्रलाई आधा हुनेगरि पट्याउनुहोस्।




(४) समय समाप्त भएपछि प्रश्नपत्रको आवरण पृष्ठ माथि हुनेगरि राख्नुहोस्। परीक्षा सुपरिवेक्षकले प्रश्नपत्र जम्मा गर्नेछन्।

### उत्तरपत्रमा लेख्ने तरिका

**★学科試験**（がっかしけん）

सही हो भन्ने लाग्ने उत्तर छानेर त्यसको नम्बर लेख्नुहोस्।

उदाहरण） 1. स्याउ　2. केरा　3. सुन्तला

解答欄（かいとうらん）: **1**

**★実技判断等試験**（じつぎ はんだんとうしけん）

सही हो भन्ने लाग्ने उत्तर छानेर त्यसको अङ्ग्रेजी अल्फाबेट लेख्नुहोस्।

उदाहरण） A. स्याउ　B. केरा　C. सुन्तला

解答欄（かいとうらん）: **A**

**★実技計画立案等試験**（じつぎ けいかくりつあんとうしけん）

सही हो भन्ने लाग्ने उत्तर छानेर त्यसको अङ्ग्रेजी अल्फाबेट लेख्नुहोस्।

उदाहरण） A. 10 वटा　B. 100 वटा　C. 1000 वटा

解答欄（かいとうらん）: **A**

*यस परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न सकिन्छ।

*प्रश्नपत्रका खाली ठाउँ वा पछाडि पट्टिमा गणना लेख्न सक्नुहुन्छ। तर प्रश्नपत्र बाहेक अन्य ठाउँमा लेख्न हुँदैन। तपाईंले लेखेको गणना मेटाउनुपर्दैन।

## 7. 製作等作業試験（せいさくとうさぎょうしけん） लाई अगाडि बढाउने तरिका

(१) परीक्षाको लागि प्रयोग गर्न दिइने सामग्रीहरू र परीक्षा सम्बन्धित अन्य कुराहरूको बारेमा बताइनेछ।

(२) परीक्षा सुपरिवेक्षले "Hajimetekudasai" (सुरु गर्नुहोस्) भन्नेछन्।

(३) प्रश्नपत्र (作業手順書（さぎょうてじゅんしょ）) हेर्दै पकाउने काम अघि बढाउनुहोस्।

(४) परीक्षा सकिएपछि परीक्षा सुपरिवेक्षकलाई परीक्षाको लागि प्रयोग गर्न लिएका सामग्रीहरू अवश्य फिर्ता गर्नुहोस्।

# [महत्त्वपूर्ण] परीक्षाको दिनमा ध्यान दिनुपर्ने कुराहरू

विशेषज्ञ स्तर

## ८. बेइमानीको बारेमा

तल उल्लेखित कार्यहरू गरेको पक्का भएमा तपाईंलाई अयोग्य(फेल) गराइनेछ। कृपया विशेष ध्यान दिनुहोस्।

### चिट चोर्ने



अर्काको उत्तर हेर्नु हुँदैन।

### सिकाउने/सिकाइ माग्ने




वरपरका व्यक्तिहरूलाई उत्तर सिकाउनु वा सहयोग गर्नु हुदैन।

### कुराकानी गर्ने



एक्लै बोल्नु वा अरूसँग कुराकानी गर्नु हुँदैन।

### अनुमति बिना आफ्नो सीट छोड्ने



सीट छोड्ने हो भने हात उठाएर परीक्षा सुपरिवेक्षलाई थाह दिनुहोस्।

### बाहिर लैजाने/ सार्ने




परीक्षाका प्रश्नहरू वा उत्तरहरू बाहिर लैजानु हुँदैन र परीक्षा प्रवेशपत्र वा हातमा सार्नु पनि हुँदैन।

### नोटहरू हेर्ने



परीक्षाको क्रममा सिक्ने बेला प्रयोग गरेको कापी वा नोटहरू हेर्नु हुँदैन।

**परीक्षा सुरु हुनुअघि भएता पनि परीक्षा प्रवेशपत्र वा हातमा कुनै अक्षर वा अंक लेखिएको पाइएमा त्यसलाई बेइमानी गरेको मानिनेछ। कृपया विशेष ध्यान दिनुहोस्।**

## ९. परीक्षाको क्रममा ख्याल गर्नुपर्ने कुराहरू

### गाह्रो महसुस भएमा



यदि तपाईंको स्वास्थ्य ठीक छैन भने हात उठाएर परीक्षा सुपरिवेक्षकलाई थाह दिनुहोस्।

### भूकम्प वा आगलागी जस्ता विपत्ति आउँदा



परीक्षा सुपरिवेक्षकको निर्देशन अनुसार भाग्नुहोस्।